विपत् पत्रकारिता

मिडियाआचार संहिता तथा सम्पादन निर्देशिका

कामना न्युज पब्लिकेसन्स प्राइभेट लिमिटेड

भीमसेनस्थान, काठमाडौं, नेपाल

जुलाई २०२०

१. भूमिका

यस दस्तावेजमा उल्लिखित नीति तथा नियमहरूले कामना न्युज पब्लिकेसन्सका पत्रकार तथा सम्पादकीय व्यवस्थापनमा संलग्न सबैलाई मार्गनिर्देशनगर्नेछ । साथै, यसलाई कामना प्रकाशन समूहको विपत् पत्रकारिता सम्बन्धमा रिपोर्टिङ तथा प्रकाशनयोग्य सामग्रीको सम्पादन गर्ने प्रयोजनका लागि प्रयोग गरिनेछ । योनीति बर्नमथ विश्वविद्यालय, संयुक्त अधिराज्यका अनुसन्धानकर्तालगायत कामना सञ्चार गृहका विशेषज्ञ तथा वरिष्ठ पत्रकारसँगको आपसी परामर्शमा तयार पारिएको हो । यस दस्तावेजको उद्देश्य कामना प्रकाशन समूहका सम्पूर्ण प्रकाशनका लागि नीति–नियमको ढाँचा तयार पार्नु हो । साथै, यसलाई रिपोर्टिङ र सम्पादकीय विभागको व्यावसायिक गतिविधि अझ सबल र सक्षम बनाउन, समाचार संकलन र प्रकाशन प्रक्रियालाई मार्गनिर्देश गर्न उपयोग गरिनेछ ।

यस दस्तावेजमा उल्लिखित नीतिहरूसँग आबद्ध रहेर कामना प्रकाशन समूहमा कार्यरत सबैले आफूलगायत आफ्ना सहकर्मीहरूको स्वतन्त्रता, मर्यादा, सुरक्षा र प्रतिष्ठाको रक्षा गर्नेछन् । स्वतन्त्र पत्रकारहरूले पनि कामना ग्रुपका लागि काम गर्दा यहाँ उल्लिखित नीतिलाई आधारभूत सूचककारूपमा प्रयोग गर्नु महत्वपूर्ण हुन्छ ।

२. कामना प्रकाशन समूह

सन् १९८४ को नोभेम्बरमा स्थापित कामना ग्रुप नेपालको अग्रणी निजी प्रकाशन गृह हो । यसले कामना (सर्वाधिक बिक्री हुने मनोरञ्जन मासिक पत्रिका), साधना (सर्वाधिक बिक्री हुने स्वास्थ्य तथा सौन्दर्य पत्रिका), महानगर (सर्वाधिक बिक्री हुने सन्ध्याकालीन दैनिक अखबार–हाल बन्द रहेको), नेपाल समाचारपत्र (नेपालको पाँचौं सर्वाधिक बिक्री हुने तथा काठमाडौं उपत्यकामा सर्वाधिक पढिने दोस्रो अखबार), र धधध।लभधकयालभउब।िअयm (नेपालको उत्कृष्ट दश नेपाली अनलाइन पोर्टलमध्ये एक) प्रकाशन गर्दैआएको छ । नेपाल समाचारपत्र र न्युजअफनेपालडटकमको संयुक्त दैनिक पाठक संख्या ८ लाख ५० हजार रहेको छ । यसअलावा कामना प्रकाशन समूहले कामना फिल्म अवार्डस् (नेपालको सबैभन्दा ठूलो अवार्ड कार्यक्रम) पनि आयोजना गर्दै आएको छ ।

स्थापनाकालदेखि नै कामना प्रकाशन समूहको विशेषता चौतर्फी दिगो विकासको प्रवद्र्धन गर्ने पत्रकारिता रहँदै आएको छ । कामना प्रकाशन समूहका संस्थापक स्वर्गीय पुष्करलाल श्रेष्ठ हुनुहुन्छ । अहिले मास कम्युनिकेसन (आम सञ्चार) मा संयुक्त राज्य अमेरिकाबाट स्नातक गर्नुभएका दिरेकलाल श्रेष्ठ यस समूहको अध्यक्ष तथा प्रमुख कार्यकारिणी अधिकृत (सिईओ) हुनुहुन्छ । पत्रकार, प्राविधिक, प्रशासक, वितरक, विज्ञापनदाता र अन्य थुप्रै गरी कामना प्रकाशन समूहले पाँच सय कर्मचारीलाई रोजगारी दिएको छ ।

२. निर्देशक सिद्धान्त

कामना प्रकाशन समूह प्रेस स्वतन्त्रता र सञ्चारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायले स्वीकार गरेका जिम्मेवारी र कर्तव्यको पालना गर्दछ । यस आचार संहितार सम्पादकीय निर्देशिकाका लागि प्रमुख प्रेरणाका स्रोतहरूदेहायबमोजिम छन् ः

२.१ मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ अनुसार, सबैसँग आफ्नो विचार तथा अभिव्यक्तिको स्वतन्त्रता उपयोग गर्ने अधिकार छ, यस अधिकारअन्तर्गत विनाकुनै हस्तक्षेपबोल्ने र खोजी गर्ने, कुनै पनि सिमानालाई पर्वाह नगरी कुनै पनि सञ्चार माध्यममार्फत सूचना र विचार प्राप्त र प्रसार गर्ने स्वतन्त्रता छ ।

२.२ सन् २०१५ को नेपालको संविधानको प्रस्तावनाले मुलुकमा 'पूर्ण प्रेस स्वतन्त्रता' सुनिश्चित गरेको छ । संविधानको धारा १६ र १७ मा क्रमशः नेपालका सम्पूर्ण नागरिकलाई इज्जतका साथ बाँच्ने तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार उपयोग गर्ने अधिकार छ । धारा २७ मा सूचनाको हक यसरी सुनिश्चित गरिएको छ ः 'कुनै व्यक्तिसँग आफ्नो वा सार्वजनिक चासोको कुनै पनि सूचना माग्ने र प्राप्त गर्ने अधिकार निहित हुन्छ ।' हाम्रो संविधानले कोही पनि आफ्नो गोपनीयताको अधिकार उल्लंघन हुने किसिमले सूचना प्रदान गर्न बाध्य नहुने अवस्थाको व्यवस्था गरेको छ । कामना प्रकाशन समूह यस व्यवस्थाको सम्मान गर्नुका साथै कानुनको सीमामा रही व्यक्तिको आवास, सम्पत्ति, दस्तावेज, तथ्यांक, पत्राचार र उसका आचरणसम्बन्धी कुनै पनि विषयमा गोपनीयता उल्लंघन नहुने गरी समाचार संकलन तथा सम्प्रेषण गर्दछ ।

२.३ संयुक्त राष्ट्रसंघका निकायहरू र अन्तर्राष्ट्रिय पत्रकार महासंघ

(आईएफजे) द्वारा आफ्ना बैठक तथा गोष्ठीहरूमा जारी र अवलम्वन गरिएका पत्रकार तथा प्रकाशकका आचार संहिताको सम्मान गर्दछ ।

२.४ कामना प्रकाशन समूह सन् २०१६ मा नेपाल पत्रकार महासंघ (एफएनजे) र नेपाल प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचार संहिताको भूमिकामा पत्रकारिताको अभ्यास, पत्रकारिताको सिद्धान्त तथा अन्तर्राष्ट्रिय मूल्य मान्यताअनुसार उच्च व्यावसायिक, मर्यादित, जवाफदेही र जिम्मेवार बनाउन तथा नागरिकको मूलभूत अधिकारलगायत विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, सूचनाको हक र प्रेस स्वतन्त्रताको रक्षा, प्रवद्र्धन र प्रयोगका लागि महत्वपूर्ण रहेकोठान्दछ ।

२.५ नेपालस्थित राष्ट्रिय मानवअधिकार अयोगलगायत संयुक्त राष्ट्रसंघ तथा मानवअधिकार संगठनहरूको नेतृत्वमा अन्तर्राष्ट्रिय महासभाले पारित गरेका अभिव्यक्ति स्वतन्त्रता, सूचनाको हक र गोपनीयतासम्बन्धी व्यवस्थाहरूको सम्मान गर्दै,

२.६ कामना प्रकाशन समूह २०१५–३० का लागि संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य ११ ले निर्दिष्ट गरेको आम नागरिक तथा गाउँ–शहरलाई 'विपत्को सामना गर्ने क्षमता' प्रवद्र्धन गर्दै, सबै स्तरमा सम्पूर्ण विपत् व्यवस्थापन र क्षति न्यूनीकरणका लागि तयार पारिएको ढाँचाअन्तर्गत रहेर विकास र कार्यान्वयन गर्दछ ।

२.७कामना प्रकाशन समूह नेपालमा सन् २०१५ मा आएको विनाशकारी भूकम्पको असरबारेसंयुक्त अधिराज्यको बर्नमथ विश्वविद्यालयले व्यापक अध्ययनपछि पत्रकारहरूको भौतिक सुरक्षाको साथसाथै सञ्चार संस्थाहरूले विपत् व्यवस्थापनका लागि अख्तियार गर्नुपर्ने नीतिका सम्बन्धमा दिएका सुझावलाई सन्दर्भका रूपमा स्वीकार गर्दछ ।

३.कामना प्रकाशन समूहको प्रतिबद्धता

विपत् पत्रकारिताप्रति सजग रही समाचार संकलन, सम्पादन र प्रकाशनमा कामना प्रकाशन समूहका पत्रकार तथा व्यवस्थापकहरू देहायबमोजिम काम, कर्तव्य तथा प्रतिबद्धताहरूपूरा गर्न सजग रहेका छन्।

४.१ सिद्धान्तको कार्यान्वयन

४.१.१ प्रेस स्वतन्त्रताको रक्षा र प्रवद्र्धन ः नागरिकको मूलभूत अधिकार र विचार तथा अभिव्यक्ति स्वतन्त्रताका लागि हामी सत्य र सही सूचना प्रसार गर्न कटिबद्ध छौं ।

४.१.२ मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सूचनाको हकप्रति सम्मान ः हामी प्रजातन्त्र, न्याय, समानता, स्वतन्त्रता, समावेशिता, मानवता, शान्ति र अन्तर्राष्ट्रिय समझदारी उत्थानका लागि प्रतिबद्ध रहन्छौं । नागरिकको सुसूचित हुने अधिकारको रक्षाका लागि हामी सक्रिय र समर्पित रहनेछौं ।

४.१.३ विपत् प्रभावित क्षेत्रहरूप्रति विशेष सोच ः हामी गरिबी, द्वन्द्व पछौटेपनाबाट प्रभावित मानिसहरूको सम्मानका लागि संवेदनशील व्यवहार गर्दछौं । हाम्रो पत्रकारिताबाट कुनै व्यक्ति विशेष र संस्थाको प्रतिष्ठामाआँच आउन नदिन र सार्वजनिक हित, नैतिकता र सर्वसाधारणको स्वास्थ्यमा कुनै नोक्सानी पुग्न नदिन हरसम्भव प्रयास गर्दछौं ।

४.१.४ सामाजिक जिम्मेवारी ः हाम्रा पत्रकार तथा सञ्चारकर्मीहरू महिला, बालबालिका र ज्येष्ठ नागरिक, अक्षम तथा फरक ढंगले सक्षम र उपेक्षित समुदाय, क्षेत्र तथा भाषिक समूहको उत्थान र विकासका लागि सूचना प्रवाहमार्फत प्रभावितहरूलाई विशेष सहयोग प्रदान गर्न प्रतिबद्ध रहन्छन् ।

४.१.५ त्रुटि सच्याउने तत्परता ः हाम्रा प्रकाशित सामग्री र विज्ञापनमा आधारित लेख–रचनाको पुनरवलोकन गर्दा हामी जनहित र संवेदनशीलतालाई ध्यानमा राख्न प्रतिबद्ध छौं । कुनै पनि प्रकाशित लेख वा समाचारको विश्वसनीयताप्रति कुनै प्रश्नहरू प्राप्त हुनासाथ हामी प्रमाणसहित प्राप्त प्रतिक्रिया वा खण्डनलाई उचित स्थान दिन, आवश्यक त्रुटिहरू सच्याउन, उठाइएका प्रसंगहरूको अनुसनधान गर्न प्रतिबद्ध छौं ।

४.१.६ जोेखिम न्यूनीकरणका लागि विपत् व्यवस्थापन र सार्वजनिक सचेतना अभियानका लागि कदम चाल्ने तत्परता ःविपत्सामना गर्ने तत्परता केवल सम्पादकीय निगरानीबाट मात्र ल्याउन नसकिने बरु हामीले सेवा गर्ने समुदायहरूमा आनीबानी परिवर्तन प्रवद्र्धनका लागि जोखिम न्यूनीकरण र विपत् सामना गर्ने ज्ञान विस्तार गर्ने कार्यमा पनि यसलाई समेटिनुपर्ने दृष्टिकोण हामी राख्दछौं । त्यसकारण दिगो सामाजिक परिवर्तन ल्याउन सघाउनका लागि हामी विपत्व्यवस्थापन र जनचेतना अभियानलाई समर्थन गर्न प्रतिबद्ध छौं । यसकालागिसमुदायका सदस्यहरूलाईविपत्का घटनाहरू किन हुन्छन्, त्यसकोकसरी सामना गर्ने र सम्मान तथा भौतिक क्षतिलाई कसरी न्यूनीकरण गर्ने भन्नेबारे थप ज्ञान र शिक्षा दिन हामी सक्रिय रूपमा जलवायु परिवर्तन, बाढी, पहिरो, आगलागी (वन डँढेलो) आँधीहुरी र भूकम्पजस्ता विपत्सम्बन्धीसूचना र कार्यक्रमहरू प्रसारण गर्नेछौं ।

४.२ सम्पादकीय निर्देशिका

४.२.१ भाषा र व्यवहारको शालिनता वा मर्यादा ः विपत्को अवस्थामा हाम्रो रिपोर्टिङमा हामी उचित भाषा र व्यवहार प्रयोग गर्नेछौं । हामीले आफूले गर्ने पत्रकारितामा प्रभावित समुदायहरू र पीडितहरूको नाजुकता र संवेदनशीलतालाई ध्यानमा राख्नेछौं । हामी हाम्रा पाठक, स्रोता र दर्शकहरूको प्रतिष्ठालाई पनि ध्यानमा राखेर हाम्रो व्यावसायिक आचरणमा सामाजिक मर्यादा प्रदर्शन गर्न पनि पूर्ण ध्यान दिनेछौं ।

४.२.२ वैयक्तिकता र गोपनीयताको सम्मान ः विपत्का बेला रिपोर्टिङ गर्दा हाम्रा पत्रकार र सम्पादकहरूले व्यक्ति विशेषको वैयक्तिक अधिकारको सम्मान गर्ने प्रतिबद्धता जनाउँछन् । सदाझैं आवश्यकताअनुसार हामी विपत्रिपोर्टिङका क्रममा संकलित समाचार स्रोतको गोपनीयतालाई रक्षा गर्नेछौं ।

४.२.३ स्पष्टता, दृष्टिकोण र पारदर्शिता ःविपत्रिपोर्टिङमा प्रायशः वैज्ञानिक तथा अनुसन्धान सामग्रीलगायत जटिल सूचना प्रसारण प्रकाशन भइरहेको हुन्छ । हाम्रा पत्रकारहरूयस्ता समाचारको सविस्तार व्याख्यासहित सरल र सहज ढंगले कुनै पनि गलत अर्थ नलागोस् भन्ने सोचका साथ प्रस्तुत गर्दछन् ।हाम्रो दृष्टिकोण पनि यही सोचका साथ प्रस्तुत हुनेछ ।

४.२.४ विपत् मामिला छनोटका लागि सम्बन्धित पक्षसँग तालमेल ःहाम्रा पत्रकारहरूले क्षेत्रीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय विपत् व्यवस्थापन विशेषज्ञहरूसँगसम्पर्क कायम राख्नेछन् । यसका लागि हामीले शहर जोखिम, पूर्वसतर्कता प्रणाली, जलवायु परिवर्तन, वातावरण, स्वास्थ्य, विकास र लैङ्गिक समावेशीकरणसम्बन्धी विशेषज्ञहरूको पहिचान गरी तिनीहरूसँग सम्पर्क गर्नेछौं ।

४.२.५ सम्बन्धित निकायहरूसँग सम्पर्क कायम ः जल तथा मौसम पूर्वानुमान महाशाखा, विपत् व्यवस्थापन विभाग (गृह मन्त्रालयअन्तर्गत), विपत् व्यवस्थापन निकाय, सुरक्षा निकाय तथा मानवीय संघ–संस्थाहरूसँग सम्पर्कमा रहेर उद्धार, राहत तथा उपचार कार्यमा संलग्न रहनु सूचनाका महत्वपूर्ण स्रोतहरू हुन् । हामी नियमित रूपमा यस्ता स्रोतहरूसँग सम्पर्क कायम गर्नेछौं ।

४.२.६ विपत् जोखिमयुक्त क्षेत्रहरूको पहिचान र आपत्कालीन योजनाहरू मिलाउनुः हामी जोखिमयुक्त क्षेत्रहरू र समुदायहरूपहिचान गर्न र त्यस्ता क्षेत्रहरूबाट हाम्रो पत्रकारिताका लागि उपयुक्त स्थायी निगरानी कायम राख्न प्रतिबद्ध छौं । यसभित्र दैनिक पुनरवलोकन (समाचार संकलनको गतिशील व्यवस्थापनलगायत पर्दछन्), विशिष्ट क्षेत्रहरूबाट प्राविधिक सहयोग उपलब्ध गराउने कार्य र सम्पादकीय योजनाहरू पर्दछन् ।

४.३. पत्रकारितामाविपत् सहनशीलतानिर्माणका लागि कार्यहरू

४ .३ .१ भौतिकसहनशीलतासुधारका लागि योजनाहरू कार्यान्वयन ः कामना प्रकाशन समूहका लागि हाम्रा पत्रकारहरूको शारीरिक सुरक्षा सबैभन्दा ठूलो महत्वपूर्ण विषय रहनेछ । हाम्रा कर्मचारीहरूको निजी आपत्कालीन योजनाहरूलाई यथासम्भव समर्थन गर्नु र पीपीई, विपत्सर्भाइभल किट्स र फोन र ल्यापटपका लागि ब्याकअप ब्याट्रीजस्ता उपकरणको पहुँच प्रदान गर्ने हाम्रो लक्ष्य हो ।

४.२.२ पत्रकारहरूलाई विपत् सामना गर्नका लागि नियमित तालिम ः कम्तिमा वर्षको एकचोटि भएपनि हामी विपत्बाट बच्ने अभ्यास र त्यससम्बन्धी तालिम सञ्चालन गर्न प्रतिबद्ध छौं । यसले जोखिमको खतरा कमगर्ने उपकरण जुटाउने र उपचारात्मक गतिविधिमा अस्वाभाविक रूपमा लाग्ने समय घटाउनेछ ।

४.२.३ विपत् सचेतनाबारे नियमित छलफलका लागि मञ्च सिर्जना ः हामी पत्रकारहरूले विपत् जोखिम कटौती, योजना र नीतिमाथिको सरकारी कदमलाई सहयोग गर्नुपर्छ भन्ने धारणा राख्दछौं । यसलाई सहजीकरण गर्न हामी नियमित रूपमा हाम्रो समाचार कक्षमै विपत् सचेतनामाथि नियमित छलफललाई प्राथमिकतामा राख्दछौं ।

४.२.४ दिगो जोखिम न्यूनीकरण साझेदारी स्थापना ः कुनै एक वा एकभन्दा बढी घटनामा विपत्को शिकार भएको अवस्थामा एक–अर्काको स्रोतहरू परिचालन गर्नका लागि कामना प्रकाशन समूहले समान विचार भएका सञ्चार गृहहरूसँग आपसी हित साझेदारी स्थापना गर्नेछ ।

४.२.५ विपत्सञ्चार सञ्जाललाई सहयोग ः विपत्केन्द्रित सञ्चार सञ्जालहरू (उदाहरणका लागि आघात खेपिरहेका पत्रकारहरूका लागि समाचार रिपोर्टिङ वा असल अभ्यासहरू बाँड्न र आपसी सहयोग गर्नसक्ने विपत् व्यवस्थापन विशेषज्ञहरूको समूह) उत्पादनशील र दिगो विपत्पत्रकारिताका लागि महत्वपूर्ण हुन्छन् । हाम्रो विपत्सहनशील नीतिको एक अंशस्वरूपयस्ता राष्ट्रिय र अन्तर्राष्ट्रिय सञ्जालका एक अंगकारूपमा सक्रियताका साथ सहयोग जुटाउने उद्देश्यले काम हुनेछ ।

४.२.६. संशोधनः राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रावधानहरूर विपत् पत्रकारितासँग सम्बन्धित निर्देशिकामा हुने परिवर्तनहरूसँग तालमेल मिलाउन यस नीतिको सामयिक संशोधन हुनेछ ।